आज मिति २०८१/०८/०५ गतेका दिन बेलुकी ५:३० बजे यस नेत्रावती डबजोङ गाउँपालिकाका अध्यक्ष श्री मेघनाथ रिजाल ज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाका तपसिल बमोजिम सदस्यहरुको उपस्थितिमा बैठक बसी निम्नानुसारको प्रस्ताव माथि छलफल गरी निर्णय गरियो ।

<u>उपस्थिति:</u>

| | |
|---|---|
| अध्यक्ष | मेघनाथ रिजाल |
| उपाध्यक्ष | सितामाया गुरुङ |
| सदस्य | ठाकुर गुरुङ |
| सदस्य | मिन बहादुर तामाङ |
| सदस्य | सुरेश गुरुङ |
| सदस्य | हरि अधिकारी |
| सदस्य | सितामाया घले |
| सदस्य | भावना तामाङ |
| सदस्य | कमला तामाङ गुरुङ |
| सदस्य | शेर बहादुर घले |
| सदस्य | ज्योती सुनार |
| सदस्य | सन्तमाया गुरुङ |
| सदस्य सचिव | हरेराम साह |

<u>अन्य उपस्थिति:</u>

| | |
|---|---|
| जिन्सी प्रमुख | ज्ञानेन्द्रराज दाहाल |
| लेखा प्रमुख | मनिषा कुमारी घिमिरे |

प्रस्ताव नं. १: दहत्तर बहत्तरको ठेक्का बन्दोबस्त सम्बन्धमा ।

प्रस्ताव नं. २: १६ दिने अभियान सम्बन्धमा ।

प्रस्ताव नं. ३: काज स्वीकृत सम्बन्धमा ।

प्रस्ताव नं. ४: क्याटिन संचालन सम्बन्धमा ।

प्रस्ताव नं. ५: लाभग्राही छनौट सम्बन्धमा ।

**निर्णय नं. १: प्रस्ताव नं.** १ माथि छलफल गर्दा आ. व. २०८१।८२ को लागि स्वीकृत भएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन अनुसार ढुङ्गा, गिट्टी र बालुवा जम्मा परिमाण (३९.७३ घनमिटर प्रतिदिन) मध्ये ६० प्रतिशत परिमाणको (ढुङ्गा र बालुवा मात्र) हुन आउने ६ महिना उत्खनन समय रहने गरी भ्याट सहित रु १५ लाखको बोलपत्र आह्वान गर्ने निर्णय गरियो ।

**निर्णय नं. २: प्रस्ताव नं.** २ माथि छलफल गर्दा यस नेत्रावती डबजोङ गाउँपालिकाका विभिन्न स्थानमा मिति २०८१।०८।१०,११ र १२ गते लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३: प्रस्ताव नं. ३** माथि छलफल गर्दा यस नेत्रावती डबजोङ गाउँपालिकाका अध्यक्ष मेघनाथ रिजाल ज्यूको विभिन्न मितिको काज स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.** ४: **प्रस्ताव नं.** ४ माथि छलफल गर्दा यस नेत्रावती डबजोङ गाउँपालिकामा रहेको चमेना गृह मासिक ३ हजार भाडा लिने गरी बाईबा होटल एण्ड गेष्ट हाउसलाई दिने निर्णय गरियो ।

**निर्णय नं. ५: प्रस्ताव नं. ५** माथि छलफल गर्दा जनता आवास कार्यक्रमका लागि वडा नं २ को राम बहादुर घलेलाई छनौट गर्ने निर्णय गरियो ।